# विवादित १८ सदस्यले प्रस्तुत गरेका आधारहरू:

१. हामी उल्लेखित संस्थाहरूले महासंघको सदस्यता दिने निर्णय हुनुपूर्व विभिन्न मितिमा सदस्यता प्राप्तिका लागि आवश्यक कागजातसहित निवेदन दर्ता गरिएका थियौँ।

२. मिति २०८१/११/२४ गते सदस्यता सिफारिस समितिले व्याख्याको लागि कार्यसमितिसमक्ष पेस गरेको रहेछ ।

३. मिति २०८१/११/२६ गते कार्यसमितिवाट हामीलाई विधिवत रुपमा सदस्यता प्रदान गर्ने निर्णय भएको ।

४.सदस्यता दिने निर्णय बिरुद्द समान अधिकार र जिम्मेवारी रहेको नेपाल पोल एसोसियसनको तर्फबाट किशोर श्रेष्ठ ज्युले सम्मानित उच्च अदालत पाटनमा मुद्दा दायर गर्नुभएको ।

५. उक्त मुद्दामा अन्तरिम आदेश दिनु नपर्ने आदेश भई महासंघको मिति २०८१/१२/२८ मा सम्पन्न ५९औं साधारणसभामा सहभागी भएको ।

६.उल्लेखित मुद्दा मिति २०८२/०९/१६ गते आदेश हुँदा महासंघले सदस्यता वितरण गर्दा तथ्य र कारण नखोली सदस्यता प्रदान गरेको देखिदा सो निर्णयलाई बदर गरी १५ दिनभित्रमा तथ्य र कारण खोली पुन: निर्णय गर्नू भनी आदेश भएको ।

७. सोउपर हामी उल्लेखित संस्थाहरू सम्मानित सर्वोच्च अदालतमा दोहोर्‍याई पाऊँ भनी दोपा निवेदन दायर गरेको साथै महासंघ समेतले दोपा निवेदन दर्ता गरेको ।

८. मिति २०८२/१२/०४ गते महासंघमा मुद्दाको अन्तिम किनारा नलागेसम्म वा महासंघबाट हामीलाई सहभागी हुने गरी निर्णय नभएसम्म साधारणसभाको काम कारबाही नगर्नु हुन भनी निवेदन दर्ता गरेको ।

९. मिति २०८२/१२/०५ गते सम्पन्न महासंघको कार्यसमितिको बैठकबाट हाम्रो सम्बन्धमा कुनै निर्णय नगरी अधिवेशनसम्बन्धी निर्णय र अधिवेशन आह्वान भएको ।

१०. मिति २०८२/१२/२२ गते हामी मध्यका ७ वटा संस्थाहरूले हाम्रो सहभागिता बिना सम्पन्न गर्न खोजिएको साधारण सभा गैरकानुनी रहेको जिकिर गरि निशेधाज्ञा निवेदन दर्ता गरेकोमा २३ गते अन्तर्कालीन अन्तरिम आदेश जारी भएको ।

११. मिति २०८२/१२/२६ गते दोहोरो छलफल पश्चात सम्मानित अदालतबाट हाम्रो सहभागिता बिनासाधारणसभा गर्नु कानुनसम्मत नदेखिएको भनी अन्तरिम आदेश जारी भई साधारणसभा स्थगित भएको ।

## यी हुन् विवादमा तानिएका १८ वटा वस्तुगत संघ :

| क्रस | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | एशोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (AFPHIN) | ललितपुर जिल्ला, ल.पु.म.न.पा. वडा नं. ५, सातदोबाटो |
| २ | नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घ | का.म.न.पा. १०, नयाँ बानेश्वर |
| ३ | नेपाल यार्सागुम्बा सङ्घ | बुढानीलकण्ठ न.पा. वडा नं. ५ |
| ४ | एएसी ब्लक उत्पादक सङ्घ | का.म.न.पा. ११, टेकु |
| ५ | नेपाल कागज उत्पादक सङ्घ | का.म.न.पा. १४ |
| ६ | ऊर्जा उत्पादक सङ्गठन, नेपाल | का.म.न.पा. २९ |
| ७ | नेपाल कफी उत्पादक तथा व्यवसायी सङ्घ | झापा-१०, विर्तामोड |
| ८ | नेपाल बेसार सङ्घ | गोकर्णेश्वर न.पा. वडा नं. ४ |
| ९ | नेपाल कोदो तथा फापर सङ्घ | का.म.न.पा. वडा नं. ३२ |
| १० | नेपाल छुर्पी व्यवसायी सङ्घ | विर्तामोड न.पा. वडा नं. ०४ |
| ११ | नेपाल ओखर उत्पादक तथा व्यवसायी सङ्घ | विर्तामोड न.पा. वडा नं. ०४ |
| १२ | नेपाल राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक सङ्घ | का.म.न.पा. वडा नं. १, हात्तीसार |
| १३ | नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासङ्घ | ल.पु.म.न.पा. वडा नं. १५, सातदोबाटो |
| १४ | नेपाल सुन्तला एवं कागती सङ्घ | बुढानीलकण्ठ न.पा. वडा नं. ५ |
| १५ | प्लान्ट नेपाल फाउन्डेसन | का.म.न.पा. वडा नं. ११ |
| १६ | नेपाल सिङ्गिङ बाउल सङ्घ | का.म.न.पा. वडा नं. २६ |
| १७ | नेपाल कृषि तथा पशुपन्छी व्यवसायी सङ्घ | ल.पु.म.न.पा. वडा नं. ५, लगनखेल |
| १८ | नेपाल वितरक महासङ्घ | का.म.न.पा. वडा नं. ३२, कोटेश्वर |